# सिस्ने गाउँपालिकाको अल्पकालिन सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७

**कार्यपालिकाबाट स्वीकृत मितिः – २०७७।०२।०१**

**प्रस्तावनाः**

घरेलु हिंसा तथा महिला हिंसालाई सामाजिक रुपमा सम्वोधन गर्न तथा यसवाट हुने पिडालाई न्युनिकरण गर्न सामाजिक रुपमा सम्वोधन गर्न आवश्यक रहेको छ । यस सवाललाई सम्वोधन गर्न सवै सरोकारवालाहरुको प्रभावकारी सहभागिता, परिचालन तथा यसको बहुपक्षिय सम्वोधनलाई कृयाशिल वनाउन, प्रभावितलाई न्युनतम वहुपक्षिय सेवा उपलब्धताको सुनिश्चितता गर्न, प्रभावितको गोपनियतालाई आत्मसाथ गरि उनिहरुको मानव अधिकारको उच्च सम्मान गर्दै, उनीहरूको अधिकार सुनिश्चित हुने वातावरणको सिर्जना गर्न तथा यस क्षेत्रमा कार्यरत बुह पक्षिय सरोकारवालाहरुसंग समन्वय तथा सहकार्य गरि सेवा केन्द्रको सेवालाई समन्यायिक तथा प्रभावितमुखि अवधारणा प्रवर्धन गर्न, सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यविधि बनाई कार्यान्यवन गर्न आबश्यक भएकोले कार्य सञ्चालन निर्देशिका(एस.ओ.पी.), महिला विकास कार्यक्रम संचालन मार्गदर्शन २०७२/७३, लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि, २०६८ संकटासन्न अवस्थाका महिला, बालबालिका, जेष्ठनागरिक, अपांगता भएका ब्यक्तिको तत्काल संरक्षणका लागि गैरसरकारी सेवाप्रदायिक संस्थाको सम्वन्धनको मापदण्ड २०७४को आधारमा रहि, नेपाल अधिराज्यको संबिधान २०७२ले स्थानीय सरकारलाई दिएको अधिकारमा आधारित रहि यो कार्यविधि जारी गरिएको छ ।

**कार्यविधिको समग्र उद्धेश्य :**

जिल्लामा संचालित अल्पकालिन सुरक्षित आवास गृहको संचालनमा आर्थिक, भौतिक एवं सुरक्षित आवासिय ब्यबस्था, हिंसा पिडितहरुलाई मनोसामाजिक परामर्श, कानुनी सेवामा पहूंच पुर्‍याई न्यायको प्रत्याभूति दिनु तथा सुरक्षित आबास गृह संचालनमा सबै सरोकारवालाहरु संग समन्वय गरि सेवालाई प्रभावकारी बनाउनु नै यस कार्यविधिको प्रमुख उद्धेश्य रहेको छ।

अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन गर्नुको मुख्य उद्देश्य लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई शारीरीक तथा मानसिक उपचार गराउनु, सामाजिक रुपमा पुनर्स्थापना गर्नु र पारिवारिक पुर्नमिलन गराउनु रहेको छ साथै यसका अतिरिक्त देहाय बमोजिमका उद्देश्यहरु रहेकाछन्।

- पर्याप्त सुरक्षित र संरक्षित वातावरण प्रदान गर्ने।
- लैङ्गिक हिंसा प्रभावित व्याक्तिहरु विशेषतः बालबालिकाहरु र महिलाहरुको सेवामा पहुँच बढाउने (आवास, स्वास्थ्य, मनोविमर्श र कानुनी)।

- सामाजिक मुल्य मान्यता जस्तै बालविवाह, जबरजस्ती विवाह, यौन स्वास्थ्य, प्रजनन अधिकार,महिला अधिकार सम्बन्धि शिक्षा तथा जनचेतना अभिवृद्धि गर्ने।
- घरेलु तथा अन्य हिंसापीडित असहाय महिला, पुरुषलाई तत्कालिन रुपमा उद्धार गरी सेवा उपलब्ध गराउने।
- हिंसा पिडित महिलाहरुका जिविकोपार्जनमा सहयोग गरि आत्मनिर्भर बनाउने ।

## पच्छिेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन कार्यविधि,२०७७” रहेको छ ।

(२) यो कार्यविधि गाउकार्यपालिकाको बैठकबाट पारति भएमा तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) “प्रभावित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित व्यक्ति सम्झनु पर्छ र सो शव्दले कुनै पनि क्षेत्र (जस्तै, घर, समाज, कार्यस्थल, राजनीति वा अन्य) को आधारमा हिंसाजन्य व्यवहार, विभेद खपेर बस्न बाध्य व्यक्तिलाई समेत जनाउँछ ।

(ख) “लैङ्गिक हिंसा” भन्नाले घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार सामाजिक कुरीतिजन्य विभेदपूर्णव्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनु पर्छ ।

(ग) “अल्पकालिन सुरक्षित आवास गृह” भन्नाले हिंसावाट प्रभावित व्यक्तिहरुको लागि बस्न व्यवस्था गरिएको तथा सेवा उपलब्ध गराईने घर जहाँ अधिकतम सुरक्षा व्ययस्था गरिएको घरलाई सम्झनु पर्नेछ ।

(घ)“निर्देशक समिति”भन्नाले यस कार्यविधिको दफा ८बमोजिमको समिति सम्झ्नु पर्दछ ।

(ङ)“सेवा प्रदायक संस्था” भन्नाले यस कार्यविधिको दफा १० बमोजिमको संस्था सम्झ्नु पर्दछ ।

**३. कार्यविधिको क्षेत्र :** यस कार्यविधिको कार्यान्वनका लागि जिल्लाको सिस्ने गाउपालिकामा तथा यस पालिकामा संचालित अल्पकालिन सुरक्षित आवास गृहकालागि लागु हुनेछ ।

**४. कार्यको क्षेत्र :** यस सिस्ने गाउपालिकामा संचालित अल्पकालिन सुरक्षित आवास गृहले रुकुम पूर्व जिल्लाका सबै गाउपालिका हिंसा पिडित तथा छिमेकी जिल्लाका आपतमा परेका पिडितहरुलाई सेवा दिने छ ।

**५. कार्यविधि लागू हुने अवस्थाः**

लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य गर्ने देहायका व्यक्ति वा संस्थाहरूलाई यो कार्यविधि लागू हुनेछ।

(क) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कुनै पनि प्रकारको कार्यक्रम सञ्चालन गर्ने निकाय, संस्था वा व्यक्ति जस्ले आवास गृहवाट सेवा लिन चाहने।

(ख) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको कानून कार्यान्वयनमा संलग्न वुहपक्षिय सरोकारवालाहरु ( प्रहरी, सुरक्षा निकाय, कानून व्यवसायी, स्थानीय निकाय, सेवा केन्द्र, स्वास्थ्य उपचार केन्द्र लगायतका निकाय वा संस्था र त्यस्तो निकाय वा संस्था)।

(ग) लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्धको उजुरी सुन्ने निकायहरू,

(घ) पीडितलाई उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने, कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्ने संस्था वा निकाय र व्यक्तिहरू।

(ङ) प्रभावितको पुनःस्थापना, उपचारात्मक (कानुनी, मानसिक,शारीरिक) सेवामा संलग्न निकाय, व्यक्ति, संस्थाहरू।

## परिच्छेद-२
## निर्देशक सिद्धान्तहरू

**५. समग्र सिद्धान्तहरू:** तपशिलका सिद्धान्तहरुको कार्यान्वयनका लागि कानूनको कार्यान्वयन तथा उच्च सम्मान हरेक पटक गरिने छ ।

**(क) सेवाको सुनिश्चितता:** (सहयोग माग गर्ने प्रभावितलाई विनाकुनै भेदभाव, समानताका आधारमा सहयोग वा सेवा प्राप्तिको सुनिश्चितता गरिनेछ ।

**(ख) लैंगिक समानता तथा समता** : महिला र बालिकाहरूको अधिकारको संरक्षण एवम् सम्मानको क्षमता तथा शक्तिका आधारमा यस सिद्धान्तलाई अक्ष्युण राखिने छ ।

**(ग) जवाफदेहिता तथा उत्तरदायित्व :** सेवामा तथा कार्यक्रमका हरेक तहमा जवाफदेहिता तथा उत्तरदायित्व सुनिश्चित गरिनेछ  र सरोकारवालाहरूको सहभागीता सुनिश्चित गर्न, सामाजिक वञ्चितीकरण, जातीय विभेद, यौनिक व्यवहार, शारीरिक सक्षमता, भौगोलिक विकटताका कारण सिमान्त बनाइएका महिलाको सहभागीता सुनिश्चित गर्नमा सचेत रहनेछ ।

**(घ) व्यवसायिकत्व :** सेवा प्रदान गर्न संलग्न सबै सेवा प्रदायक निकाय तथा व्यक्तिहरुले उच्चतम रुपमा आचार संहिताको पालना गर्नु पर्नेछ ।

**(ङ) गोपनियता:** प्रभावित तथा सेवालिन बसेका तथा अदालत, प्रहरीमा अनुसन्धानमा रहेका प्रभावितहरुको सुचना तथा अन्य सम्वन्धित कुरा अनावश्यक रुपमा कसैलाई दिईने तथा जानकारी गराईने छैन । यदि कसैलाई दिनु पर्ने

भएका प्रभावितको तथा सम्वधित निकायको अनुमति विना दिईने छैन । तर यस वाहेक अन्य कुरा लैङ्गिक विभेदमा आधारित हिंसाविरुद्ध कार्य सञ्चालन कार्यविधि २०६८ को प्रवधान तथा अनुसार हुनेछ ।

**(च) सम्मानजनक व्यवहार गर्नेः** पीडितको इच्छा, चाहना, अधिकार, प्रतिष्ठाको सम्मान हुने वातावरणमा कार्य सम्पादन गर्ने, प्रभावितसंग सोधपुछ वा जानकारी लिंदा संभव भएसम्म महिलाले नै लिन, कुनै किसिमले नहोच्याउन,प्रभावित वा निजको व्यक्तिगत व्यवहार, काम, आर्थिक स्थिति तथा अन्य कुनै आधारमा निज उपर कुनै पूर्वाग्रह वा आग्रह नराख्ने, कुनै प्रमाण संकलनको क्रममा पीडितलाई सान्दर्भिक प्रश्न मात्र सोध्ने, प्रभावितको कुरालाई जहिले पनि ध्यान पूर्वक सुन्ने तथा कुनै किसिमको दबाव वा निजको इच्छा विपरित करकाप नगर्ने, प्रभावितको यौन सम्बन्ध वा घटनासंग असम्बन्धित तथा पीडितको निजी वा व्यक्तिगत जीवनको अन्तरंग विषयको बारेमा अधिकारवाला वाहेक कसैले पनि कुनै सोधपुछ नगर्ने, प्रभावितलाई कानुनी उपचारमा जाने वा नजाने, आपसी सहमतिमा समस्याको समाधान खोज्ने वा परम्परागत प्रक्रियाबाट समाधान खोज्ने आदि जस्ता विकल्पहरू छान्न दिने, यसकालागि सबै प्रकारका समाधानका प्रकृयाहरू र प्रकियाहरूसँग जोडिएका सकारात्मकर नकारात्मक दुवै पक्षको बारेमा प्रभावितलाई बुझाउने कुराहरुलाई उच्चतम रुपमा हेरिने छ ।

## परिच्छेद-३

## उपलब्ध सेवा, सेवाको प्रवाह,

### ६. आवास

प्रभावितहरुलाई व्यवस्थित सेवा प्रवाह गर्न संचालित सुरक्षित आवास गृहमा प्रभावितहरुको लागि आवासको व्यवस्था गरिने छ । यस आवासको संचालनका लागि गठित संयोजन समिति तथा निर्देशन समितिको तपशिलको आवास सेवा उपलब्ध गराईने छ ।

**(क) आवास गृह :** आवास गृह देहायका सुविधासम्पन्न हुनेछ ।

- शान्त तथा हावा खेल्ने कोठाहरू ।
- कोठामा बसोबास गर्नेको लागि खुल्ला कोठा भएको ।
- प्रत्येकका लागि छुट्टाछुट्टै खाट ।
- प्रभावित बालबालिकाका लागि अलग्गै कोठा;
- आधारभुत आबश्यक फर्निचर ।
- मनोसामाजिक विमर्श (Psycho-social Counseling) का लागि छुट्टै कक्ष;
- मनोरञ्जन, अन्तरक्रिया र आमोदप्रमोदका लागि साझा कक्ष (Common Room);
- शौचालय, स्नान तथा खानेपानीको ब्यवस्था ।
- सुविधा उपलब्ध भएका स्थानमा टेलिभिजन तथा मनोरन्जन सामाग्री

- तल्लापिच्छे अग्नि नियन्त्रण उपकरण र सुरक्षाका लागि आवश्यकताअनुसार पालो पहरा ।

**(ख) लुगाफाटो :** सेवा लिन बसेका प्रत्येक व्यक्तिका लागि देहायमा उल्लिखित लुगाफाटोको व्यवस्था हुनुपर्दछ: दरी वा कम्मल, डसना, तकिया, सिरक, दोलाइँ, झुल, खोल चाहिनेमा खोलसमेत एक-एक थान ओड्ने ओछ्याउने विस्तरा;

- एक-एक जोर चप्पल र लुगाफाटो नभएकालाई एकसरो लगाउने लुगा ।

**(ग) खानेकुरा :** दैनिक खानेकुराको व्यवस्था निर्देशन समितिले तोकेबमोजिम केन्द्रभित्रको भोजनालयबाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ :

- विहान चिया तथा खाज
- दिउँसो खाना
- अपरान्ह खाजासँगै चिया
- बेलुकी खाना
- लामो समय (एक हप्ता भन्दा बढी) मांसाहारीका लागि सातामा एकपल्ट माछामासु तथा शाकाहारीका हकमा दूध, दही, फलफूल र उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

**(घ) स्वास्थ्योपचार:** समन्वय समितिले तोकेको अस्पतालमा संरक्षणमा लिइएका प्रभावित महिलाको स्वास्थ्योपचार गराउनुपर्दछ । स्वास्थ्योपचारतर्फ निम्न व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

- प्राथमिक उपचार बाकस
- समस्या हेरी नियमित उपचार
- आकस्मिक उपचार र
- बालबालिकाका हकमा उमेरअनुसार लगाउनुपर्ने खोप।

**(ङ) मनोसामाजिक विमर्श:** निर्देशन समितिले निर्धारण गरेको योग्यता हासिल गरेका विमर्शक (Counsellor) बाट देहायबमोजिम मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्दछ :

- सेवाकालिन बसेका व्यक्ति प्रत्येकलाई सातामा एकपल्ट नियमित सेवा;
- संरक्षित व्यक्तिको मनोदशा हेरी थप आवश्यक सेवा र सेवाग्राहीको व्यक्तिगत विवरणको गोप्यता कायम राख्ने व्यवस्था।
- आबश्यकता अनुसार सेवाग्राहीलाई टेलिफोन तथा पारिवारीक मनोसामाजिक बिर्मश सेवा उपलब्ध गराउने।
- सेवाकेन्द्रबाट सेवा लिई पारिवारीक मिलन भएका सेवाग्राहीको अवस्थाको जानकारी तथा मनोसामाजिक बिर्मश सेवा।
- बिपद तथा महामारीको समयमा बिस्थापित, पिडित महिला तथा बालिबालिकालाई मनोसामाजिक बिर्मश सेवा।

**(च) कानुनी सेवा:** देहायमा उल्लिखित कानुनी सेवा प्रदान गर्ने व्यवस्था मिलाउनुपर्दछ।

- **प्रभावितले** न्याय प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा र प्रभावित महिलाले प्रचलित कानुनबमोजिमको हक प्राप्त गर्न आवश्यक परामर्श र उपचारार्थ चाहेको सेवा।

**(छ) सञ्चालनः** आवास गृहको सेवाहरूको सञ्चालनमा देहायका व्यवस्था पालना गर्नुपर्दछ :

- प्रभावित महिलालाई ममतामय, सहानुभूतिपूर्ण एवं सम्मानजनक व्यवहारको सुनिश्चितताका लागि लिखित आचारसंहिता;
- प्रभावित महिलाको पहिचानको गोप्यता कायम राख्ने व्यवस्थाका साथै इच्छा विपरीतको कुनै पनि कार्यमा प्रतिबन्ध;
- आवास गृहमा भेटघाट कक्षभन्दा उता बस्ने अनुमतिप्राप्त अनि चिकित्सक, सफाइकर्मी लगायतका अत्यावश्यक व्यक्तिबाहेक बाहिरका कसैलाई पनि प्रवेश मनाही र
- निर्देशन समितिले तोकेबमोजिम खोल्ने गरी आवास गृहमा उजुरी पेटिकाको व्यवस्था ।

**(ज) जनशक्तिः आवास गृहमा** महिलालाई प्राथमिकता दिई देहायबमोजिमको पूरै प्रशिक्षित जनशक्ति हुनेछ :

- सेवा केन्द्र ब्यवस्थापक एकजना, मनोसामाविक बिर्मशकता, सहयोगी एकजना, भान्से एक जना, र कानुनी सल्लाहकार भनेका बेला उपलव्ध हुने गरी सम्पर्कमा राख्नु पर्ने छ । यस अन्तरगत रहने जनशक्तिको कार्य विवरण अनुसुचि अनुसार हुनेछ ।

**(ज) अभिलेखः** आवास गृहमा देहायबमोजिम अभिलेख राख्नुपर्दछ ।

- प्रभावित महिलाको नाम दर्ता किताव
- संरक्षित व्यक्तिको दैनिक हाजिरी किताव
- प्रभावित व्यक्तिहरुसंग सेवा लिन आउदा उनिसंग भएको सामानको लगत तथा सुरक्षणका लागि दुई पक्षको लिखत कागज, यदि प्रभावित लेखपढ गर्न नसक्ने भएमा प्रभावितको पहिचानको व्यक्तिको उपस्थिति सहित विवरण खुल्ने गरि लिखत तथा तस्विर ।
- प्रभावित महिलाको व्यक्तिगत गोप्य फाइल;
- दोहोरो लेखा प्रणालीमा केन्द्रको आम्दानी खर्चको पारदर्शी लेखा तथा सोको पुष्टि गर्ने कागजात;
- निर्देशन समितिको निर्णय किताव;
- स्वास्थ्योपचार, मनोसामाजिक विमर्श, कानुनी सेवाको विवरण खुल्ने सेवापिच्छे लगत र समन्वय समितिले तोकेको अन्य अभिलेख ।

**७. कार्यविधिका क्षेत्र तथा खर्च (सहयोग) मानकः**

यसकार्य विधि अन्तरगत अल्पकालिन सुरक्षित आवास गृह सञ्चालनका लागि आबस्यक पर्ने श्रोत ब्यवस्थापन गर्न “अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन कोष स्थापना गरिने छ। सो कोषको श्रोत देहाय बमोजिम हुने छ ।

क. गाउपीलकाबाट बिनियोजित बजेट ।

ख. जिल्ला स्थित अन्य गाउपालिकाबाट प्राप्त रकम।

ग. गैरसरकारी, दातृ निकाय, बिभिन्न सामाजिक संस्था, ब्यक्तिबाट प्राप्त अनुदान।

घ. संघ, प्रदेश सरकारबाट प्राप्त अनुदान।

प्राप्त श्रोतको खर्च गर्दा कोष (संचालन) नियमावली तथा स्वीकृत कार्यक्रम अनुसार हुने छ।

**७.१. लुगाफाटो**

(क) प्रभावित महिलाको कपडा च्यातिएर, रगताम्मे भएर वा एकसरो मात्र भएर जाडोले लुगलुग काम्ने अवस्था भएकोमा न्यूनतम रूपमा नभइनहुने धोती, चोलो, चप्पल-जुत्ता, पछ्यौरा, स्वीटर, ओडने लगायतका लुगाफाटो किन्न प्रतिव्यक्ति खास गरि त्यस स्थानको चालचलन अनुसार एक पटकलाई वढीमा रु २०००। समितिको निर्णय अनुसार किन्न सकिने छ ।

(ख) प्रभावित महिलासंग स-साना नानीहरु भएको खण्डमा जनही मौसम अनुसार आवश्यक लुगाकपडा रु.१०००। मा नवढाई खर्च गर्न सकिने छ । यी सबैको फटवारी दुरुस्त राखी समितिमा तथा गाउपालिकालाई दिनु पर्नेछ ।

**७.२. खाना**

(क) दैनिक खानेकुराको व्यवस्था तोकेबमोजिम केन्द्रभित्र बाट व्यवस्था गर्ने गरी देहायबमोजिम हुनुपर्दछ:

- बिहानको चिया दिउँसो खाना
- अपरान्ह पूर्ण खाजासँगै चिया,
- बेलुकी खाना,
- उमालेको वा अन्यथा शुद्धीकरण गरिएको खानेपानी ।

(ख) कुरुवाको हकमा अल्पकालिन सुरक्षित आवास गृहमा प्रभावित व्यक्ति भएको खण्डमा मात्र खाना उपलव्ध गराईने छ । यस्तो खाना खाँदा प्रभावीत सरह र मितव्ययीताको सिद्धान्तलाई आत्मसाथ गर्नु पर्नेछ ।

(ग) दुधेवालकको हकमा गुणस्तरीय व्राण्डको पोशिलो खाने कुरा उपलव्ध गराईनेछ र स्थानीयस्तरको परमपारिक खानेकुरा जस्तै:लिटो वनाई स्थानीय स्तरका पोषणयुक्त खानेकुरालाई प्राथमिकता दिनु पर्नेछ ।

**७.३. औषधोपचार:** समन्वय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा (बिरामी तथा कुरुवा समेतको जोडेर) निम्नानुसार सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च:

- प्राथमिक औषधोपचारको हकमा प्रभावित महिलालाई लागेको चोटपटकको तत्काल प्राथमिक उपचार गर्न प्रतिव्यक्ति रु.१०००। सम्म लागेको यथार्थ खर्च व्यहोरिने छ।
- सुरक्षित अल्पकालीन आश्रयमै बसी उपचार गराउँदा अस्पताल आतेजाते मितव्ययी सवारी साधनको भाडाका साथै परीक्षण तथा औषधी खर्चबापत जम्मा रु.१०००। सम्म

- अस्पतालमै भर्ना भई उपचार गराउँदा पुऱ्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परीक्षण तथा औषधी खर्चका अतिरिक्त ५ दिनसम्म खाने खर्चबापत बिरामी र एकजना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन रु.५००। गरी जम्मा रु.२५००। सम्म
- विशेष अवस्थामा निर्देशन समितिले विशेष निर्णय गरेकोमा थप रु.५०००। सम्म; तर यस प्रकारको खर्चकालागि आन्तरिक श्रोतको खोजी तथा समन्वय गरि निर्देशक समितिको अनुमति अनिवार्य हुनेछ ।

**७.४. कानुनी उपचारः** एक जना साथीसमेत अड्डा-अदालत आतेजाते मितव्ययी सवारी साधनको भाडा, कानुनी दै-दस्तुर र सेवाबापत साथीसमेतको जोडेर निम्नानुसारको सीमा ननाघ्ने गरी लागेको यथार्थ खर्च :

- सामान्य अवस्थामा प्रतिव्यक्ति रु. २,००० सम्म;
- विशेष अवस्थामा निर्देशन समितिले विशेष निर्णय गरेकोमा थप रु. २,००० सम्म;
- फिर्ता सम्प्रेषण : फिर्ता सम्प्रेषण गर्दा साथीसमेतको मितव्ययी सवारी साधनको भाडा तथा एकै दिन पुगिनेमा खाजा खर्चबापत प्रतिव्यक्ति रु. १०० र बास बस्नुपर्नेमा बस्नेखाने खर्चबापत प्रतिव्यक्ति दैनिक रु. २५० दिईनेछ ।

**७.५. मनोसामाजिक विमर्श :**

प्रभावित महिलालाई आवश्यक मनोसामाजिक विमर्श सेवा मनोसामाजिक विमर्षकर्तावाट आवस्यकता अनुसार निशुल्कः अनिवार्य रुपमा सेवा प्रदान गरिनेछ ।

**७.६. बैठक खर्च :** निर्देशन समितिको बैठक सञ्चालन तथा खाजा खर्चबापत अधिकतम प्रति व्यक्ति रु २५० र भत्ता रु.१०००। खर्च गर्न सकिने छ ।

**७.७. जीविकोपार्जन अनुदान :** जीविकोपार्जन अनुदानबापत प्रति व्यक्ती वा परिवार वढीमा र निर्देशक समितिको सल्लाह अनुसार रु. ३० हजार ननाघ्ने गरी प्रत्यक्ष सरोकारवालाको आन्तरिक क्षमता र सम्भाव्यतालाई मध्ये नजर गरि सम्बन्धित केन्द्रको निर्देशन समितिले उपलब्ध स्रोतसमेतको विचार गरी सहयोग प्रदान गर्ने सक्ने छ।

**८. प्रभावित सेवा केन्द्रमा रहन सक्ने अवधिः**

प्रभावित महिलाका हकमा देहायको अवधिसम्म मात्र सुरक्षित अल्पकालीन आश्रयमा राख्न सकिनेछ :

- सुरक्षित आवास गृह अन्तर्गत ३० दिनसम्म र विशेष अवस्था परी निर्देशन समितिले विशेष निर्णय गरेकोमा थप १५ दिनसम्म । तर विमारी उपचारको लागि अस्पताल बसेको खण्डमा यो दिन गणना हुने छैन ।


**८. सहयोग तथा सम्प्रेषण**

**सहयोग एवम् प्रेषणका चरणहरू (Help-seeking & Referral Pathway)-**

जिल्लामा रहेका सरोकारबाला निकाय, अन्तरपार्टी महिला संजाल, महिला सहकारी संस्था गाउपालिका, वडा कार्यालय, न्यायिक समिति,  सेवा केन्द्र, महिला अधिकार कर्मिहरुको अगुवाई र सहकार्य निम्न अनुरूपको ढाँचा तयार गरी सहयोग र प्रेषणको व्यवस्था मिलाइननने छ।

| सहयोग तथा प्रेषणका चरणहरु | सहभागिता तथा जिम्मेवार निकाय/पक्ष |
|---|---|
| **चरण एक :** कसैलाई हिंसाको बारेमा भन्नु/सहयोग खोज्नु (Reporting) पीडित/प्रभावितले आफूमाथि घटेको घटना कसैलाई भन्दछ । | प्रभावित तथा पिडित |
| **चरण दुई :**(क) पीडित/प्रभावितले आफूमाथि घटेको घटनाका बारेमा कसैलाई भन्दछन् पीडित/प्रभावितको तुरन्तै आवश्यकताको पहिचान गरि आवस्यकता अनुसार स्वास्थ्य संस्था, मनोविमर्श केन्द्र, तथा पुलिसमा लिएर जाने ।<br>(ख) अथवा पीडित /प्रभावित आफै आफूलाई आवश्यक पर्ने सेवा प्रदायकको खोजी गरी जान सक्छन । | स्वास्थ्य कर्मि, सामुदायिक मनोविर्मशकर्ता, समुह तथा समुहका अगुवा, व्यवस्थापक, प्रहरी, |
| **चरण तीन :** सेवा दिने व्यक्तिले पीडित/प्रभावितको इच्छामा आधारित भई गोपतीयताको ख्याल गर्ने : तुरून्तै आवश्यक पर्ने आवश्यकताहरूको पहिचान, उपलब्ध सेवाहरूका बारे इमान्दारिताका साथ जानकारी दिने, पीडित/प्रभावितको सहमती एवम् अनुरोध भएका सहमती लिई आवश्यक सेवाका लागि प्रेषण गर्ने : यसरी प्रेष्ण गर्दा आवश्यकता अनुरूप निम्न संस्था व्यक्तिको सहयोग लिन सकिन्छ ।<br>(क) स्वास्थ्य (सेवा)कर्मी/संस्था (स्वास्थ्य संस्थाको नाम लेख्ने)<br>(ख) मनोविमर्श सहयोग/सेवा केन्द्र (मनोविमर्शकर्ताको नाम/सेवा केन्द्रको नाम उल्लेख गर्ने ) | स्वास्थ्य कर्मि, मनोविर्मशकर्ता सामुदायिक मनोविर्मशकर्ता (CPSWs), समुह तथा समुहका अगुवा, व्यवस्थापक, प्रहरी, FCHVs, गाउपालिक, सेफ हाउस, |
| तुरुन्तै आवश्यक पर्ने सेवा उपलब्ध भइसकेपछि ध्यान पुऱ्याउनु पर्ने क्षेत्रहरू : पीडित/प्रभावितको चाहना र आवश्यकता अनुरूपको सेवाहरुको व्यवस्थापन | |
| **सेवाका क्षेत्रहरु** | |
| १. स्वास्थ्य सेवा | स्वास्थ्य कर्मि वा स्वास्थ्य संस्था |
| २. मनोविमर्श सेवा | मनोविर्मशकर्ता |
| ३. बचावट, सुरक्षा र न्यायसम्बन्धी व्यवस्था | प्रहरी, अदालत, महिला अधिकारमा संलग्न सामुदायिक संस्था, प्रहरी/सुरक्षा अधिकारी कानुनी परामर्शदाता वा संरक्षण अधिकारी |
| ४.आधारभूत आवश्यकताहरू जस्तैः सुरक्षित वास, खाना, बाल बच्चाहरूकालागि सेवा, लगायत अन्य आवश्यक सेवा | गांउपालिका, सेफ हाउस, |
| | |

**प्रभावित/पिडितलाई अगाडि वढाउने बाटो (Referral Pathway)**




## परिच्छेद -४
## स्रोत, निर्देशक समिति, समन्वय समिती र सेवा प्रदायक संस्था

**९. संचालन**

अल्पकालिन सुरक्षित आवास गृह संचालनका लागि स्थानीय तहले यस गांउपालिकामा रहेका क्रियाशिल महिला सहकारीहरु मध्यबाट प्रतिस्पर्दाको आधारमा सेवा प्रदायक संस्था छनौट गरि संचालन गर्ने छ । सेवा प्रदायक संस्था छनौटका लागि समिति गठन गरि मापदण्डका आधारमा छनौट गरिनेछ । सेवा प्रदायक संस्था छनौट कार्यदल देहाय बमोजिम हुनेछ ।

१. प्रमुख प्रशासकिय अधिकृत, संयोजक

२. प्रतिनिधी जिल्ला प्रशासन कार्यालय, सदस्य

३. प्रतिनिधी जिल्लाका गाउकार्यपालिका, सदस्य ।

४. प्रतिनिधी जिल्ला समन्वय समिति, सदस्य

५. सम्वन्धित गा.पा. सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

**<u>निर्देशन समितिको काम कर्तव्य र अधिकार</u>**

निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन ।

- सुरक्षित आवास गृह संचालनका लागि नीति तथा कार्यबिधीहरु तयार पारि कार्यसमितिमा स्वीकृतको लागि पेश गर्ने।
- बिभिन्न निकाय, सरोकारवालाहरु संग समन्वय तथा सहकार्य गर्ने ।
- आवास गृहको संचालनका लागि श्रोतको व्यवस्थापन गर्ने ।

- आवास गृह संचालनका लागि सेवा प्रदायक संस्थाको छनौट तथा कार्यक्रमहरुको स्वीकृत गर्ने ।
- आवास गृहको अनुगमन गरि पृष्ठपोषण, सुझाव सल्लाह तथा निर्देशन दिने ।
- हिंसा पिडितहरुको पारिवारीक पुर्नमिलन, कानूनी उपचार लगायत न्याय दिलाउन सहयोग समन्वय गर्ने।
- अन्तर जिल्लाका केसहरुलाई समन्वय गरि प्रेषण गर्ने ।

**१०. सेवा सञ्चालनका लागी आवश्यक स्रोत :** यो कार्यविधि बमोजिम सेवा सञ्चालनका लागी आवश्यक पर्ने आर्थिक स्रोत दफा ७ मा उल्लेखित निकाय, ब्यक्तिबाट प्राप्त श्रोत हुने छ। दफा ७ मा उल्लेखित निकायहरुबाट श्रोत प्राप्त नहुँदासम्म वा प्राप्त स्रोत अपुग हुन जाने अवस्थामा सिस्ने गाउपालिकाले उपलब्ध गराउने व्यवस्था मिलाईने छ । उपलब्ध हुने नगद तथा जिन्सी सहयोग निर्देशन समितिको निर्णय बमोजिम सम्बन्धित सेवा प्रदायक संस्था मार्फत खर्च हुने छ । तर अल्पकालिन सुरक्षित आवास गृहको स्तरोन्नतीको कार्य निर्देशक समितिले छुट्टै निर्णय गरेबमोजिम वा प्राप्त हुने सहायताको शर्त बमोजिम हुने छ ।

**११. निर्देशक समिति :**

**रुकुम पूर्व जिल्लामा रहेको** अल्पकालिन सुरक्षित आवास गृहको भौतिक पूर्वाधार स्तरोन्नती गर्न, आर्थिक श्रोत जुटाउन, सरकारी तथा गैरसरकारी दातृ निकायसँग समन्वय र सहयोग उपलब्ध गराउने पहल गर्न, अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन गर्ने सेवा प्रदायक संस्थाको सुपरिबेक्षण तथा अनुगमन, संचालन गर्दा आईपर्ने कठिनाईहरुको सहजिकरण र आवश्यक समन्वय गर्न र आबश्यक नीति तर्जूमाका लागि पैरबी तथा परामर्श गर्न देहायबमोजिमको एउटा निर्देशक समिति रहने छ र समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ।

| | |
|---|---|
| १. सम्वन्धीत गांउपालिका अध्यक्ष | :अध्यक्ष |
| २. जिल्ला स्थित अन्य गाउपालिकाका अध्यक्ष वा निजले तोकेको प्रतिनिधी | :सदस्य |
| ३. सम्वन्धित गांउपालिका उपाध्यक्ष | :सदस्य |
| ४. जिल्ला प्रशासन कार्यालय, अधिकृतस्तर प्रतिनीधी | :सदस्य |
| ५. प्रहरी कार्यालय, प्रमुख | :सदस्य |
| ६. सम्वन्धित गा.पा.सामाजिक विकास शाखा संयोजक | :सदस्य |
| ७. गैसस, महिला अधिकारकर्मी | :सदस्य |
| ८. स्वास्थ्य प्रमुख | :सदस्य |
| ९. सम्वन्धित प्रमुख प्रशासकिय अधिकृत | :सचिव |

**१२. समन्वय समिति :**

जिल्लामा रहेको अल्पकालिन सुरक्षित आवास गृहलाई व्यवस्थित गर्न तथा बहुपक्षिय सहयोग र प्रेषण प्रणालीलाई सबलिकरण गर्न देहायबमोजिमको एउटा समन्वय समिति रहने छ ।

संयोजक : प्रमुख, जिल्ला समन्वय समिति रुकुम पूर्व ।

सदस्य : अध्यक्ष गांउपालिका, सिस्ने, भूमे र पुथाउत्तरगंगा, रुकुम पूर्व ।

सदस्य : प्रमुख जिल्ला अधिकारी, रुकुम पूर्व ।

सदस्य : प्रमुख, जिल्ला सरकारी वकिल कार्यालय, रुकुम पूर्व ।

सदस्य : प्रमुख, जिल्ला प्रहरी कार्यालय, रुकुम पूर्व

सदस्य : संयोजक, सामाजिक विकास समिति ।

सदस्य : प्रमुख, स्वास्थ्य कार्यालय, रुकुम पूर्व ।

सदस्य : अध्यक्ष/प्रतिनिधि जिल्ला अदालत वार एशोसियसन, रुकुम पूर्व ।

सदस्य सचिवः संयोजकले तोकेका गाउँपालिकाको अधिकृत ।

**१३. कोष र खाता सञ्चालनः** १) यस कार्यविधिको दफा ७ बमोजिम प्राप्त हुने स्रोतको रकम राष्ट्रिय बाणिज्य बैंक रुकुमकोट शाखाका अल्पकालिन सुरक्षित आवास गृहको नाममा बचत खाता खोली जम्मा गरिने छ । उक्त खाताको सञ्चालन निर्देशक समितिको संयोजक र सदस्य सचिवको संयुक्त दस्तखतबाट हुनेछ ।

२) स्थानीय सेवा प्रदाय संस्थाले उपलब्ध गराएको सेवाको विवरण र खर्चको आधारमा रकम भुक्तानी हुनेछ । खर्चको विषयमा निर्देशक समितिको बैठकमा जानकारी गराइने छ ।

**१४. स्थानीय सेवा प्रदायक संस्था** : निर्देशक समितिबाट सेवा सञ्चालन तथा व्यवस्थापनका लागी छनौट हुने स्थानीय सेवा प्रदायक संस्थाले यस कार्यविधि र प्रचलित कानुनको अधिनमा रहि अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी वहन गर्नेछ । सेवा प्रदायक संस्थाको योग्यताको मापदण्ड सेवा प्रदायक छनौट समितिले तय गरे बमोजिम हुने छ । कर्तव्य पुरा नगर्ने स्थानीय सेवा प्रदायकलाई निर्देशक समितिले आवश्यक कारबाही गर्न सक्ने छ ।

**१५. कार्यविधिको मान्यता :** नेपाल सरकार, प्रदेश सरकारले अल्पकालिन सुरक्षित आवास गृह सञ्चालन सम्बन्धमा छुट्टै प्रबन्ध गरि कार्यक्षेत्र बाझिएको सोही बमोजिम हुने गरी सेवा प्रदान गर्न यो कार्यविधि लागू हुने छ ।

**१६.** आवश्यकता अनुसार कार्यपालिकाले यस कार्यविधिमा परिमार्जन गर्न सक्ने छ ।

# अनुसुचीहरु
## अनुसुची १ः
### मनोविमर्शकर्ता

**सम्झौताका शर्तहरू**

१. प्रथम पक्ष महिला वाल वालिका कार्यालयले संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोषको सहयोगमा सञ्चालित महिलाहरुकालागि मनोसामाजिक सेवा सम्वन्धि कार्यक्रमलाई सहज रुपमा संचालन गर्नका लागि रुकुम पुर्व जिल्लाको.सुगन्धा मल्ल लाइ छ महिना सीप मुलक तालिम लिइ सकेपछि द्वितिय पक्षले मनोविमर्शकर्ता प्रतिनिधि भई निम्न कार्यहरू गर्नुपर्ने छ ।

२. आफु रहेको जिल्लाका पिडित महिलाहरुलाई मनोसामाजिक सेवा प्रदान गर्नु पर्नेछ ।

३. कार्यक्रम रहेका जिल्लाका गाउँपालिका, नगर पालिकाहरुको स्थलगत भम्रण गरि हिंसाबाट प्रभावित महिला तथा यातना पीडितहरुको समस्यालाई नजिकबाट पहिचान गरि उनीहरुको समस्यालाई न्युनिकरण गर्न मनोविर्मशकर्ताले जिम्वेवारी पुर्वक कार्य गर्नु पर्नेछ । यसको लागि स्थानिय स्तरका समन्वय समिति, निर्देशक समिति तथा महिला वाल वालिका कार्यालय विच समन्वय गरेर कार्य गर्नु पर्नेछ ।

४. यसरी सेवा प्रदान गर्दा ती महिलाको परिवारसंग पनि नजिक रहेर उनलाई भएको समस्या बुझाउने यसको उपचार निशुल्क घरमा नै बसेर मनोसमाजिक मनोविर्मशद्धारा निको पार्न सकिन्छ भनि विश्वास दिलाउन प्रयत्नशिल रहने र उसलाई अन्य आवश्यता पर्ने सरसल्लाह दिने संघ संस्थाहरुसग सहयोगको बारेमा कुरा गरि उचित सेवा प्रदान गर्न सहयाग गर्ने ।

५. आवस्यकता अनुसार समुदायमा जनचेतना अभिबृद्धिका लागि मनोसामाजिक सेवा, संचार, डर, रिस, तनाव र यसको व्यवस्थापनका बारेमा सरोकारवाला निकायसंग समन्वय गरि अनुशिक्षण तथा बैठक संचालन गर्न सहयोग गर्ने ।

६. सामुदायिक मनोविर्मश कर्ताको तालिम तथा समिक्षामा सहजिकरणको भुमिका निर्वाह गर्ने ।

७. सामुदायिक मनोविर्मश कर्तासंगै समुदायमा पिडित महिलालाई सहयोग प्रदान गर्ने ।

८. आवस्यकता अनुसार विद्यालय स्तरीय मनोसामाजिक वा मनोविर्मशका गतिविधि संचालन गर्ने ।

९. मनोसामाजिक तथा मानसिक समस्या भएका व्यक्तिहरुको पहिचान गर्ने ।

१०. महिला वाल वालिका कार्यालय तथा सरोकारवाला सेवा प्रदायक संस्थाहरुसंग समन्वय तथा सहकार्य गर्ने

११. विषेश <u>case</u> हरुलाई विशिष्ट सेवाका लागि जिल्ला स्तरिय, क्षेत्रिय तथा केन्द्र तहमा सम्प्रेषण गर्ने ।

१२. <u>case</u> व्यवस्थापनमा सहयोग पुर्‍याउने तथा <u>case</u> को दुरुस्त अभिलेख राख्ने ।

१३. मासिक रुपमा प्रतिवेदन तयार गरि सम्वन्धित निकायमा प्रतिवेदन बुझाउने ।

१४. महिला वालवालिका जेष्ठ नागरिक अपाङ्ग तथा सेवा प्रदायक संस्थाले तोकेको कार्य गर्ने ।

१५. यस वापत प्रथम पक्षले द्वितिय पक्षलाई काम गरे  वापत  मासिक रु.१५०००/पन्ध्र हजार मात्र दरले उपलब्ध गराउने छ।  यातायात, संचार तथा स्टेसनरी वापत नियमानुसार कार्यक्रममा भए वमोजिम उपलव्ध गराइनेछ। उक्त रकम प्रतिवेदन पेश गरेपछि मात्र पाउने छन।

१६. द्वितिय पक्षले हरेक महिना मा आफ्नो प्रगति विवरण तथा आर्थिक विवरण प्रतिवेदन महिना समाप्त भएको ५ दिन भित्र  प्रथम पक्षले कार्यालय र कामको प्रतिवेदन सम्वन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

१७. द्वितिय पक्षको काम सन्तोषजनक नभएमा, प्रथम पक्षको विरुद्धको गतिविधिमा संलग्न भएको प्रमाणित भएमा, मानवअधिकार रक्षाको विरुद्ध आचरण गरी कार्य गरेको पाइएमा प्रथम पक्षले कुनै पनि समय सम्झौता भङ्ग गरी प्रतिनिधिबाट हटाउन सक्नेछ।

नोट : आबश्यकता अनुसार सहमतिका बुँदाहरुमा हेरफेर गरि थपघट गरिनेछ।

## अनुसुची २:

**सामुदायिक मनोविमशकर्ता (Community Psycho-Social Worker-CPSW)**

## CPSWs को कार्य तथा कर्तव्यहरु

**CPSWs** को प्रमुख कार्य भनेको  प्रभावित भएका महिला तथा बालबालिकाहरुको समस्यालाई पहिचान गर्ने प्राथमिक मनोसमाजिक सहयोग प्रदान गर्ने , शिफारिस गर्नुका साथै समुदायमा  मनोसामाजिक समस्या तथा स्याहारको बारेमा विभिन्न समुदायमा  बारेमा सचेतना कार्यक्रमहरु चलाउनु हो ।

**१) कार्य तथा दायित्वहरु**

- CPSWs ले प्रभावित व्यक्ति केन्द्रित अवधारणालाई (सुरक्षा, सम्मान, गोपनियता, विभेद रहित वातावरणको सृजना गर्ने ) समुदायमा काम गर्दा कार्यान्वयन गर्ने
- मनोसमाजिक समस्या भएका बालबालिका  तथा महिलाको  पहिचान गर्ने, भावनात्मक सहयोग प्रदान गर्ने
- मनोसामाजिक समस्याबाट प्रभावित भएका महिला तथा बालबालिकाहरुको पहिचान गरी  प्रभावित महिलालाई मनोविमर्श सेवाको लागि पुऱ्याउने वा शिफारिस गर्ने
- प्रभावित व्यक्तिको पहिचान गर्न Home visit गर्ने
- समुदाय स्तरमा  मनोसामाजिक सहयोग सम्वन्धि  सचेतना कार्यक्रम चलाउने
- मनोविमर्शकर्ताले संचालन गर्ने मनोसामाजिक स्याहार सम्बन्धि सचेतना कार्यक्रममा स्थानीय स्तरका समुहहरुलाई भेला गर्ने
- केशहरुको अभिलेख राख्दा गोपनियतामा ध्यान राख्ने
- प्रभावित भएका व्यक्तिहरुलाई नियमित अनुगमन गर्ने
- विभिन्न समुहहरुमा सृजनात्मक क्रियाकलापमा सहभागी गराउने
- अरु सेवाको लागि स्थानीय निकायहरु पहिचान गर्ने र सेवाको लागि पहल गरि दिने
- आफूले सम्पन्न गरेका कार्यहरुको दैनिक अभिलेख राख्ने र मनोसामाजिक कर्तालाई जानकारी गराउने ।
- कुनै पनि कठिनाई वा समस्या परेमा मनोविर्मषकर्ता सग छलफल गर्ने ।

नोट : आबश्यकता अनुसार सहमतिका बुँदाहरुमा हेरफेर गरि थपघट गरिनेछ ।

## अनुसुची ३ :
# वार्डेन

*कार्यहरु:*

१. जिल्ला सेवा केन्द्रको सम्पूर्ण पक्षहरु व्यवस्थित रुपमा संचालन गर्ने जिम्मा लिनु पर्नेछ ।

२. जिल्ला स्थित सेवाकेन्द्रमा सेवा लिन आएका सेवाग्राहीहरुको पूर्ण विवरण अद्यावधिक रुपमा तयार गर्नुपर्नेछ

३. सेवा केन्द्रका अन्य कर्मचारीहरुसंग सहकार्य गरी सेवा केन्द्रको सेवालाई प्रभावकारी, गुणस्तरीय बनाउनमा सहयोग गर्नुपर्नेछ ।

४. सरोकारवालाहरु र महिला तथा बालबालिका कार्यालयसंग नजीकको सम्बन्ध र समन्वय कायम गरी दैनिक कार्य संचालन गर्नुपर्नेछ ।

५. सेवा केन्द्रको कार्यालय व्यवस्थित गराइ नियमितरुपमा संचालन गर्नुपर्नेछ साथै सेवा केन्द्रमा आवश्यक सामग्रीको लागि पहिलो पक्षसंग माग गर्नुपर्नेछ ।

६. मनोसामाजिक बिमर्शकर्तालाई मासिक प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नुपर्नेछ ।

७. प्रत्येक तीन महिनामा सम्बन्धित कार्यालयसंग बसेर आफुले गरेको काम, सिकाई, चुनौतिको बारेमा छलफल गर्नुपर्नेछ ।

८. यस वापत मासिक रु. ......../- (अक्षरुपी .....हजार मात्र) का दरले उपलब्ध गराउने छ ।

९. हरेक महिनामा आफ्नो प्रगति विवरण तथा आर्थिक विवरण प्रतिवेदन महिना समाप्त भएको ७ दिन भित्र प्रथम पक्षको कार्यालय पेश गर्नुपर्नेछ ।

१०. काम सन्तोषजनक नभएमा, कार्यविवरण अनुसारकाम नभएमा, पिमितको गापनियता भंग गरेमा वा कानुनले वन्धेज गरेका कार्य तथा सेवा विरुद्धको गतिविधिमा संलग्न भएको प्रमाणित भएमा, मानवअधिकार रक्षाको विरुद्ध आचरण गरी कार्य गरेको पाइएमा कुनै पनि समय सम्झौता भङ्ग गरी प्रतिनिधिबाट हटाउन सक्नेछ ।

११. बिदा र अन्य सुबिधाहरु संस्थाको आर्थिक तथा प्रशासनीक नियमावलीमा व्यवस्था भए बमोजिम उपलब्ध हुनेछ

नोट : आबश्यकता अनुसार सहमतिका बुँदाहरुमा हेरफेर गरि थपघट गरिनेछ ।

## अनुसुची ४ :

## गार्ड :

***कार्यहरू:***

१. जिल्ला सेवा केन्द्रमा सेवा लिन आएका सेवाग्राहीहरुको लागि सुरक्षाको कार्यको जिम्मा लिनु पर्नेछ ।

२. दोश्रो पक्षले जिल्ला स्थित सेवाकेन्द्र कार्यालयसहित सम्पूर्ण कोठाहरुको सरसफाई गरी व्यवस्थित गर्नुपर्नेछ ।

३. दोश्रो पक्षले सेवा केन्द्रका भित्री तथा बाह्य वातावरण को सरसफाईको जिम्मेवारी जिम्मेवारी लिनुपर्नेछ ।

४. दोश्रो पक्षले सेवाकेन्द्रका अन्य कर्मचारीहरुले अह्राएको कामको पालना गर्नुपर्नेछ ।

५. यस वापत प्रथम पक्षले द्वितिय पक्षलाई मासिक रु.........⁄ (अक्षरुपी  मात्र) का दरले उपलब्ध गराउने छ ।

६. द्वितिय पक्षको काम सन्तोषजनक नभएमा, प्रथम पक्षको विरुद्धको गतिविधिमा संलग्न भएको प्रमाणित भएमा, मानवअधिकार रक्षाको विरुद्ध आचरण गरी कार्य गरेको पाइएमा प्रथम पक्षले कुनै पनि समय सम्झौता भङ्ग गरी प्रतिनिधिबाट हटाउन सक्नेछ ।

७. दोश्रो पक्षले पाउने बिदा र अन्य सुबिधाहरु प्रथम पक्षको आर्थिक तथा प्रशासनीक नियमावलीमा व्यवस्था भए बमोजिम उपलब्ध हुनेछ ।

८. यो सम्झौता पत्र २० देखि २०  मसान्तसम्म हुनेछ । दुबै पक्षको समझदारीमा थपघट गर्न सकिने छ ।

नोट : आबश्यकता अनुसार सहमतिका बुँदाहरुमा हेरफेर गरि थपघट गरिनेछ ।